२०७५ सालको कार्यविधि नं. ३

# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १ सङ्ख्या : ३ मितिः २०७५।०४।१०

भाग-३

## कैलाश गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७५/०३/०८

**प्रस्तावना:**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम यस गाँउपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड कैलाश गाउँपालिकाको र ाजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकाले,

पहिलो पटक कैलाश गाउँपालिका राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, कैलाश गाउँपालिका राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, कैलाश गाउँपालिका राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, कैलाश गाउँपालिका राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, कैलाश गाउँपालिका राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न कैलाश गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७५।०३।०८ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १
## प्रारम्भिक

१. <u>कार्यविधिको नाम</u>: यस कार्यविधिको नाम "कैलाश गाँउपालिका" राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. <u>कार्यविधि लागू हुने</u>: यो कार्यविधि कैलाश गाउँपालिका, गाँउ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग-२
## कैलाश गाउँपालिका राजपत्रको भाग र ढाँचा

३. <u>कैलाश गाउँपालिका राजपत्रका भागहरु</u>: कैलाश गाउँपालिका राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **कैलाश गाउँपालिका राजपत्रको ढाँचा:** कैलाश गाउँपालिका राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था:** कैलाश गाउँपालिका राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै सङ्ख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **कैलाश गाउँपालिका राजपत्रको सङ्ख्या:** (१) कैलाश गाउँपालिका राजपत्रको सङ्ख्या कायम गर्दा क्रमशः सङ्ख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः सङ्ख्या राखी अर्को बर्ष सुरु भएपछि नयाँ सङ्ख्याबाट सुरु गरिनेछ ।

७. **कैलाश गाउँपालिका राजपत्रमा प्रकाशन गर्ने सामग्री:** कैलाश गाउँपालिका राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ ।

८. **कैलाश गाउँपालिका राजपत्र प्रकाशन गर्ने अधिकारी:** कैलाश गाउँपालिकाको राजपत्र कैलाश गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र कैलाश गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३

## कैलाश गाउँपालिकाको राजपत्र प्रकाशन, अभिलेख तथा वितरण

९. **कैलाश गाउँपालिका राजपत्र प्रकाशनको जिम्मेवारी:** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई कैलाश गाउँपालिका राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र कैलाश गाउँपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री गाँउ कार्यपालिकाको कानुन सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाइनेछ ।

११. **कैलाश गाउँपालिका राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम कैलाश गाउँपालिका राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार सङ्ख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा ( २) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने :** गाउँपालिकाले कैलाश गाउँपालिका राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. <u>वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने</u>: गाँउपालिकाकाबाट प्रकाशित कैलाश गाउँपालिका राजपत्रलाई गाँउपालिकाकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. <u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य</u>: (१) प्रकाशित कैलाश गाउँपालिका राजपत्र कैलाश गाउँपालिकाको वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) कैलाश गाउँपालिका राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

<u>(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा</u>: वडा कार्यालय वा कैलाश गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५००/ (पाचँ सय रुपैंया मात्र)

<u>(ख) खुद्रा बिक्री गर्दा</u>: कैलाश गाउँपालिका राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा सङ्घ संस्थाले कैलाश गाउँपालिका राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ५ पेजसम्म एक प्रतिको रु.२५ मात्र

- ६ देखि १० पेजसम्म एक प्रतिको
  रु.५० मात्र
- ११ देखि १५ पेजसम्म एक प्रतिको
  रु.६० मात्र
- १६ देखि २० पेजसम्म एक प्रतिको
  रु.८० मात्र
- २१ देखि २५ सम्म एक प्रतिको
  रु.१०० मात्र
- २६ देखि ५० सम्म एक प्रतिको
  रु.१२५ मात्र
- ५१ देखि ७५ सम्म एक प्रतिको
  रु.१५० मात्र
- ७६ पेजदेखि १०० सम्म एक प्रतिको
  रु.२०० मात्र
- १०१ पेजभन्दा बढी जति भएपनि एक प्रतिको
  रु.२५० मात्र

१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने : कैलाश गाउँपालिका राजपत्र बिक्री बापत प्राप्त राजस्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१६. कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१७. बचाऊ: यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## कैलाश गाउँपालिका राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा गाउँ सभाबाट भएका निर्णयहरु प्रकाशन गरिनेछ।

### भाग-२

यस भागमा गाउँ सभाबाट पारीत भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा नियमहरु प्रकाशन गरिनेछ।

### भाग-३

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, वोर्डका आदेशहरु प्रकाशन गरिनेछ।

### भाग-४

यस भागमा गाउँ कार्यपालिकाबाट जारी भएका निर्णय, सूचना तथा विज्ञप्तीहरु प्रकाशन गरिनेछ।

### भाग-५

यस भागमा सङ्घ र प्रदेशसँगको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

### भाग-६

यस भागमा अन्तर निकायसँग भएका सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः ........../....../....

भाग-१

कैलाश गाउँपालिका

**गाउँ सभाले गरेका निर्णयहरुको सम्पूर्ण व्यहोरा**

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः .........../....../....

भाग-२

कैलाश गाउँपालिका

**ऐन तथा गाउँ सभाले बनाएका नियमहरुको व्यहोरा**

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्डः.......　　सङ्ख्याः........　　मितिः ........../....../....

भागः-३

कैलाश गाउँपालिका

**गाउँ कार्यपालिकाले जारी गरेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, बोर्डका आदेशहरुको सम्पूर्ण व्यहोरा**

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-४ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्डः.......            सङ्ख्याः........            मितिः ........../....../....

भाग-४

कैलाश गाउँपालिका

**गाउँ कार्यपालिकाबाट जारी भएका सूचना तथा विज्ञप्तिको सम्पूर्ण व्यहोरा**

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-५ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्ड:....... सङ्ख्या:........ मितिः ........../......./....

भाग-५

कैलाश गाउँपालिका

सङ्घ र प्रदेशसँग भएका सम्झौताहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-६ सँग सम्बन्धित)

कैलाश गाउँपालिका

# कैलाश राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः .........../....../....

भाग-२

कैलाश गाउँपालिका

**अन्तर निकाय सम्झौताहरुको सम्पूर्ण व्यहोरा**

आज्ञाले,
नाम :
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
देवेन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत